नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
कान्ति बाल अस्पताल, महाराजगन्ज, काठमाडौं

# राष्ट्रिय स्तरको बोलपत्र/दरभाउपत्र आह्वान गरिएको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७५।४।२२

यस अस्पतालमा निम्न वमोजिमको सामाग्रीहरु बोलपत्र/दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले सो सम्बन्धी सामाग्रीहरु सप्लाई गर्न ईजाजत प्राप्त ईच्छुक फर्म/व्यवशायीहरुबाट दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ । सो को लागि बोलपत्र/दरभाउपत्र फाराम माथि उल्लेखित समयभित्र तोकिएको दस्तुर फिर्ता नहुने गरी नगदै तिरेको रसिद वा कोष तथा लेखा नियन्त्रक कार्यालयको रा.वा. बैंक ठमेलमा रहेको कार्यालयको कोड नम्बर २७-३७०-१४, खाता नम्बर ११००१, राजश्व शीर्षक नम्बर १४२२७ मा तपसिलमा उल्लेखित रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी अस्पतालको खरिद ईकाईबाट खरिद गर्न सकिनेछ । बोलपत्र/दरभाउपत्रदाताले बोलपत्र/दरभाउपत्र जमानत वापत निम्नानुसारको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौरको रा.वा. बैंक ठमेलमा रहेको, कार्यालयको कोड नम्बर २७-३७०-१४, एकल धरौटी खाता नम्बर ११००२०३०००००० मा नगदै जम्मा गरेको सक्कल धरौटी भौचर वा यस कार्यालयको नाममा जारी भएको तपसिलमा उल्लेख भए वमोजिमको म्याद भएको क वर्गको वाणिज्य बैंकको बिडबन्ड पेश गर्नुपर्नेछ । नगद बिडबन्डको हकमा रा.वा. बैंक ठमेलमा रहेको को.ले.नि.का. को धरौटी खातामा नगद जम्मा गरी सो को सक्कल भौचर पेश गर्नुपर्नेछ । उपरोक्तानुसार तोकिएको कुनै दिन सार्वजनिक विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन तोकिएको कार्य हुनेछ । बोलपत्र/दरभाउपत्र पेश गर्दा अपनाउनु पर्ने नियम तथा शर्तहरु बोलपत्र/दरभाउपत्र फाराममा उल्लेख गरिएकोले उक्त शर्त बमोजिम हुने गरी पेश गर्नु हुन र उक्त शर्तमा छुट भएका विषयहरु सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम भैजाने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । साथै दरभाउपत्र खरिद गर्न आउदा आ.व. २०७५।७६ सम्म नविकरण भएको फर्म दर्ताको प्रमाण पत्र, मू.अ.क.मा दर्ता भएको प्रमाणपत्र तथा आ.व. २०७३।७४ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र सम्वन्धित फर्मको निवेदन अनिवार्य पेश गर्नु पर्नेछ । यस अस्पतालमा तिर्न, बुझाउन बाँकि बक्यौता रहेका, कालो सूचीमा परेका फर्म, कम्पनी, संस्थाले खरिद प्रक्रियामा भागलिन पाउने छैन । बोलपत्र/दरभाउपत्रको साथमा विडवण्ड, स्व-घोषणा पत्र लगायत आवश्यक कागजातहरु दरभाउपत्र साथ संलग्न राखी सिलवन्दी खाममा फर्मको नाम, ठेगाना, ठे.सु.नं. र ल्हा छाप संख्या समेत प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ। सूचनामा उल्लेख नभएका विषयहरुको वारेमा बुझ्नु परेमा अस्पतालको खरिद इकाईमा सम्पर्क गर्न सकिने छ । यस विषयमा थप छलफल गर्न ठे.सु.नं..... को हकमामिति २०७५।१।१४ गते दिनको १ वजे र सि.नं. ... को हकमा मिति २०७५।५।१५प्रिबिड बैठक अस्पतालमा राखिएकोले सहभागी हुन जानकारी गराइन्छ। साथै बोलपत्र/दरभाउपत्र खाल्ने दिन बोलपत्र/दरभाउपत्रदाता वा सो को प्रतिनिधि भए अख्तियारी पत्र समेत उपस्थिति हुनु पर्नेछ । प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र/दरभाउपत्र खोल्न वाधा पर्नेछैन ।

| सि.नं. | ठे.सु.नं. | बोलपत्र/दरभाउपत्रको नाम | बोलपत्र/दरभाउपत्र दस्तुर रु. | जमानत रकम (रु.) | बोलपत्र/दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र/दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र/दरभाउपत्र खोल्ने मिति र समय | विडबण्डको मान्य हुनु पर्ने अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | १-२०७५-०७६ | Printing Goods (छपाई सामाग्रीहरु) | १०००।- | ४४०००।- | २०७५।५।५ गते कार्यालय समय भित्र | २०७५।५।६ गते दिनको १२ वजे | २०७५।५।६ गते दिनको २ वजे | दर्ता गर्ने अन्तिम मिति वाट घटिमा ७५ दिन |
| २ | २-२०७५-०७६ | Electrical Goods (विद्युतिय सामाग्रीहरु) | १०००।- | २१५००।- | २०७५।५।५ गते कार्यालय समय भित्र | २०७५।५।६ गते दिनको १२ वजे | २०७५।५।६ गते दिनको २ वजे | दर्ता गर्ने अन्तिम मिति वाट घटिमा ७५ दिन |
| ३ | ३-२०७५-०७६ | Stationary Goods (स्टेशनरी सामाग्रीहरु) | १०००।- | १९०००।- | २०७५।५।५ गते कार्यालय समय भित्र | २०७५।५।६ गते दिनको १२ वजे | २०७५।५।६ गते दिनको २ वजे | दर्ता गर्ने अन्तिम मिति वाट घटिमा ७५ दिन |
| ४ | ४-२०७५-०७६ | OT surgical Goods (ओ.टी.सर्जिकल सामाग्रीहरु) | १०००।- | ३६०००।- | २०७५।५।५ गते कार्यालय समय भित्र | २०७५।५।६ गते दिनको १२ वजे | २०७५।५।६ गते दिनको २ वजे | दर्ता गर्ने अन्तिम मिति वाट घटिमा ७५ दिन |
| ५ | ५-२०७५-०७६ | Rediology Goods (रेडियोलोजी सामाग्रीहरु) | ३०००।- | ११८०००। | २०७५।५।२० गते कार्यालय समय भित्र | २०७५।५।२१ गते दिनको १२ वजे | २०७५।५।२१ गते दिनको २ वजे | दर्ता गर्ने अन्तिम मिति वाट घटिमा १२० दिन |
| ६ | ६-२०७५-०७६ | Medical Goods (मेडिकल सामाग्रीहरु) | ३०००।- | १५८०००। | २०७५।५।२० गते कार्यालय समय भित्र | २०७५।५।२१ गते दिनको १२ वजे | २०७५।५।२१ गते दिनको २ वजे | दर्ता गर्ने अन्तिम मिति वाट घटिमा १२० दिन |
| ७ | ७-२०७५-०७६ | Cleaning Goods (सर- सफाई सामाग्रीहरु) | ३०००।- | ८१०००। | २०७५।५।२० गते कार्यालय समय भित्र | २०७५।५।२१ गते दिनको १२ वजे | २०७५।५।२१ गते दिनको २ वजे | दर्ता गर्ने अन्तिम मिति वाट घटिमा १२० दिन |